"असल नेतृत्व : आजको आवश्यकता"

# संयुक्त नागरिक पाटी
# का
# चुनावी घोषणा-पत्र -२०८२

**प्रस्तावना :**

मुलुकमा विद्यमान जातीय, धार्मिक, सांस्कृतिक, भाषिक, लैङ्गिक, भौगोलिक, क्षेत्रीय लगायत सबै प्रकारका विभेद, दमन र बहिष्करणको अन्त्य गर्दै न्यायमूलक, समतामूलक, विभेदरहित, सभ्य, सम्वृद्ध समाज र समावेशी राष्ट्र निर्माण गर्दै, सम्पूर्ण नेपालीहरूको स्वतन्त्रता र स्वाभिमानको लागि समावेशी, समानुपातिक, सहभागितामूलक राजनीतिक, आर्थिक, सामाजिक अधिकार स्थापित गर्दै, ऐतिहासिक आन्दोलन, विद्रोह, ०६२/०६३ को जन आन्दोलन, आदिवासी, जनजाति, मधेश, थारूवान, शिल्पी/दलित, महिला लगायतले गरेको आन्दोलन र संघर्ष, साथै २०८२ भदौ २३ र २४ गते को जेन जी (Gen Z) पुस्ताले भ्रष्टाचार र नातावादको विरुद्ध गरेको आन्दोलनले ल्याएको राजनीतिक परिवर्तनलाई संरक्षण, सम्बर्द्धन र संस्थागत गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, पूर्ण धार्मिक स्वतन्त्रतासहितको धर्मनिरपेक्षता, र पूर्ण समानुपातिकता, समावेशीता, मानव अधिकार र मौलिक हकको प्रत्याभूति, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, आर्थिक तथा राजनीतिक स्वतन्त्रता, विधिको शासन, शान्तिपूर्ण सहअस्तित्व, सर्वजातीय समावेशी समाजिक लोकतान्त्रिक व्यवस्थालाई संस्थागत गर्दै, तथा पहिचान, अस्तित्व र आत्मसम्मानलाई स्थापित गर्दै, शिल्पी/दलित समुदायमाथि हुने छुवाछुत विभेद हिंसाको अन्त्य गर्दै, उनीहरूको सम्मानजनक पहिचान र विशेष अधिकारको प्रत्युभूति गर्दै, देशलाई वैज्ञानिक तरिकाले द्रूत विकासको बाटा मा अगाडि बढाउन ईश्वरीय नैतिकतामा आधारित सेवक नेतृत्व प्रदान गन ´ प्रतिबद्धताका साथ संघीय लोकतान्त्रिक गणतन्त्र राष्ट्र नेपालको विकास र सम्वृद्धिमा योगदान पुऱ्याउने उद्देश्यले यो संयुक्त नागरिक पार्टी स्थापित गरिएको छ ।

## १. संयुक्त नागरिक पार्टीलाई नै भोट किन ?

मुलुकलाई असल नेतृत्व दिँदै आम नागरिकको न्याय र शान्ति, सुशासन र सम्वृद्धिको आकांक्षा पूरा गर्नका लागि नै संयुक्त नागरिक पार्टी स्थापना गरिएको हो ।

**(१) विश्वास, आशा र प्रेममा आधारित समन्वयकारी पार्टी :** संयुक्त नागरिक पार्टीले विश्वास, आशा र प्रेममा आधारित "सर्वजातीय समावेशी सामाजिक लोकतन्त्र" लाई आफ्नो मार्गदर्शक सिद्धान्तका रूपमा अंगीकार गरेको छ, जसले समता, न्याय र समावेशीताको मूल्यमान्यतामा आधारित राष्ट्रको निर्माण गर्न अभिप्रेरित गर्दछ । यो पार्टीले आस्था, अस्तित्व र अधिकारलाई सुनिश्चित गर्दा आफ्ना सबै नीति तथा कार्यक्रममा सामुहिकता, सहकार्य र सहअस्तित्वलाई मार्गदर्शनका रूपमा आत्मसात् गर्नेछ ।

**(२)समावेशीता र विविधतालाई समेट्ने पार्टी :** विकासको रणनीतिक योजना बनाउँदा देशको विविधता, संरचनागत बहिष्करण लगायतका मुद्दाहरूलाई सम्बोधन नगरी केन्द्रबाट एकैप्रकारको विकासको नीति र योजना (द्यबिलपभत बउउचयबअज) निर्माण गरी लागु गर्दा बहिष्करण र बञ्चितिकरणमा परेका समुदायहरूलाई राज्यले सम्बोधन गर्न सकेन, फलस्वरूप यहाँका विविधता र मौलिकताहरूले फस्टाउने अवसर पाएनन् । यस्तो एकात्मक संरचनामा रूपान्तरण ल्याई हरप्रकारले सबै विविधताहरू, बहिष्करण र दलनमा पारिएका समुदायहरूलाई राष्ट्रको मूल धारमा समावेश गर्नका लागि नै यो पार्टी निर्माण गरिएको हो ।

**(३) आर्थिक समुन्नति तथा सामाजिक न्यायलाई एकसाथ सम्बोधन गर्ने पार्टी :** सर्वजातीय समावेशी सामाजिक लोकतन्त्रको मौलिक विचार धारा लिएको यो पार्टीले शिल्पी/दलित समुदायमाथि हुने जातीय विभेद र महिलामाथि हुने लैङ्गिक हिंसा लगायत सबै प्रकारका विभेद र हिंसाको पूर्ण रूपमा अन्त्य गर्दै, सभ्य राष्ट्र निर्माण गरी सबैको उन्नति, प्रगति र सम्वृद्धिका लागि उपयुक्त आर्थिक नीति लिएको छ ।

**(४) नागरिक अधिकार साथसाथै दायित्वबोध गर्ने पार्टीः** आफ्नो स्वतन्त्र शुद्ध विवेकअनुसार आवधिक निर्वाचनमा मतदानद्वारा योग्य र सेवक जनप्रतिनिधि चुन्न पाउनु नागरिक अधिकार हो भने, समग्र समाज र राष्ट्रको उन्नतिका लागि कुनै रूपमा योगदान पुर्याउनु नागरिक दायित्व र

कर्तव्य हो । यस्तो जिम्मेवार, नैतिक र अनुशासित नागरिक निर्माण गर्नु यस पार्टीको उद्देश्य हो ।

**(५) जेन जी पुस्ताको आकांक्षा सम्बोधन गर्ने पार्टी :** पछिल्लो समय देशमा व्याप्त भ्रष्टाचार, नातावाद, र कृपावादको विरूद्धमा जेन जी पुस्ताले गरेको आन्दोलनले ल्याएको राजनीतिक तथा मनोसामाजिक परिवर्तन र उपलब्धिलाई संरक्षण, सम्बर्द्धन र संस्थागत गर्दै, पार्टीका हरेक निकायमा युवा नेतृत्व सुनिश्चित गर्दै मुलुकलाई अग्रगतिमा लैजान यो पार्टी प्रतिबद्ध छ ।

## २. पार्टीका आधारभूत धारणाः

### (१) वर्तमान संविधानबारे पार्टीको धारणाः

वर्तमान सम्विधान एकात्मक राज्यसत्तालाई नै सम्बोधन, संरक्षण र सम्बर्द्धन गर्ने प्रकारको छ । सम्विधानले गणतन्त्र, धर्मनिरपेक्षता र लोकतन्त्रलाई केही हदसम्म सम्बोधन गरेको कारण त्यस सीमासम्म यस सम्विधानप्राति हाम्रो आलोचनात्मक समर्थन छ । तथापि संविधानको धारा ४ मा उल्लिखित धर्मनिरपेक्षताको सवालमा भने पूर्ण धार्मिक स्वतन्त्रतासहितको धर्मनिरपेक्षतालाई संस्थागत गर्नुपर्नेमा यो संविधानले सनातनदेखि चलिआएको धर्मसंस्कृतिलाई मात्रै संरक्षण गरेको तर अन्य धर्मिक समुदायप्रति राज्यको दृष्टिकोण स्पष्ट नभएको हुँदा त्यसप्रति हाम्रो सख्त विमति रहेको छ ।

संघीयताको वर्तमान संरचनाप्रति समेत हाम्रो असहमति रहेको छ । कथित संघीयताको नाममा गरिएको प्रशासनिक विभाजन हाम्रो आवश्यकताअनुसार पहिचान र सामर्थ्यमा आधारित वास्तविक संघीयता होइन ।

संविधानको प्रस्तावनामा समाजवादप्रति प्रतिबद्ध रहने भन्ने कुरा उल्लेख छ भने धारा ४ मा समाजवाद उन्मुख भनी लेखिएको छ, जसप्रति हाम्रो पार्टीको असहमति छ । हामी लोककल्याणकारी सामाजिक व्यवस्था तथा प्रगतिशील कर प्रणालीमा आधारित स्वतन्त्र अर्थव्यवस्थाद्वारा हुने आर्थिक सम्वृद्धिको पक्षमा छौं जहाँ सर्वजातीय समावेशी सामाजिक लोकतन्त्रको मान्यताअनुरूप सबै समुदायको हितको रक्षा गरिने छ ।

सम्विधानको धारा २४ र ४० को मौलिक हकमा उल्लिखित छुवाछुत र

दलितको हकलाई कानुन बनाएर लागु गरिने छ भनी उल्लेख भएकोप्रति हाम्रो सख्त विमति छ । यो प्रतिबन्धात्मक वाक्य हटाइनुपर्छ र यो मौलिक हकलाई तत्काल कार्यान्वयन गरिनुपर्छ भन्ने हाम्रो स्पष्ट अडान छ । साथै यस्ता अन्य प्रतिबन्धात्मक वाक्यांशहरू समेत हटाइनुपर्छ ।

## (२) शासकीय स्वरूपबारे हाम्रो धारणाः

नेपालको सामाजिक संरचना बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक छ । त्यसैले संसदमा प्रतिनिधित्व जनसंख्याको आधारमा पूर्ण समानुपातिक हुनुपर्छ, जसले अल्पसूचित, आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम, थारू, खीष्टियनलगायत सबै बञ्चित र अल्पसंख्यक समुदायको न्यायोचित सहभागिता सुनिश्चित गर्ने छ । हामी पूर्ण समानुपातिक निर्वाचन प्रणालीको कार्यान्वयनमार्फत सामाजिक न्याय र समावेशी लोकतन्त्रलाई सुदृढ बनाउने छौं ।

राजनीतिक स्थायित्व र जनउत्तरदायी नेतृत्व सुनिश्चित गर्न कार्यकारी प्रमुखका रूपमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री आवश्यक छ । वर्तमान सत्तासंरचना सौदाबाजी, सरकारको भागबण्डा, गठबन्धन जस्ता कार्यले देश अनिर्णयको सिकार बन्दै आएको छ । प्रत्यक्ष निर्वाचन प्रणालीले सर कारमाथि नागरिकको प्रत्यक्ष भागिदारी, पारदर्शिता र जवाफदेहिता स्थापित गर्दछ ।

देशको जातीय संरचनागत विविधतालाई समेट्दै सामाजिक समावेशिता र राष्ट्रिय एकतालाई संस्थागत गर्न राष्ट्रपतिको पद सामाजिक पहिचानमा आधारित चक्रिय प्रणालीअनुसार प्रमुख समुदायहरू बिच पालैपालो हुने व्यवस्था लागू गरिनुपर्छ भन्ने हाम्रो माग रहेको छ, जसअनुसार :

(क) आदिवासी जनजाति समुदाय (ख) खस आर्य समुदाय (ग) मधेसी समुदाय (घ) मुस्लिम समुदाय (ङ) थारू समुदाय (च) दलित/शिल्पी समुदाय

यस्तो प्रावधानले मात्रै सदियौं रहेको एकल जातीय, एकल नश्लीय, एकल धार्मिक संरचनागत हस्तक्षेपको अन्त्य गर्दै राष्ट्रिय नेतृत्वमा सबै समुदायको समावेशी सहभागिता सुनिश्चित गर्ने छ ।

**(क) क्लस्टरमा आधारित चक्रिय क्रम प्रणालीअनुसार निर्वाचित राष्ट्राध्यक्ष :** हामी क्लस्टरमा आधारित चक्रिय क्रम प्रणालीअनुसार संसदबाट निर्वाचित

राष्ट्राध्यक्षको पक्षमा छौँ । राष्ट्राध्यक्ष पुरूष भए उपराष्ट्राध्यक्ष महिला, राष्ट्राध्यक्ष महिला भए उपराष्ट्राध्यक्ष पुरूष हुने व्यवस्थाको पक्षमा हामी छौँ । दुवै पदमा एक जना व्यक्तिले एक पटकभन्दा बढी पदीय जिम्मेवारी लिन नपाइने व्यवस्था गरिनुपर्छ ।

**(ख) प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री :** कार्यकारी प्रमुखका रूपमा नागरिकबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री रहने, र प्रधानमन्त्रीद्वारा नै विषय विज्ञताका आधारमा मन्त्रीहरू नियुक्त गरिने पद्धतिको पक्षमा हामी छौँ । साथै उही व्यक्ति दुई कार्यकाल भन्दा बढी प्रधानमन्त्री बन्न नपाउने व्यवस्था हुनुपर्छ भन्ने हाम्रो अडान छ ।

(ग)पूर्ण समानुपातिक संसदः संसदको चुनावमा पार्टीले पाएको मतको आधारमा संसद पूर्ण समानुपातिक गरिनुपर्छ ।

## (३)अल्पसंख्यक तथा सीमान्तकृत धार्मिक समुदायहरूबारे हाम्रो धारणा :

मानिस आस्थाको प्राणी हो, यसकारण प्रत्येक व्यक्तिको राजनीतिक साथै धार्मिक आस्था तथा विश्वासको स्वतन्त्रता सुरक्षित गर्नु राज्यको कर्तव्य हो भन्ने हाम्रो पार्टीको धारणा छ । यसैअनुरूप संयुक्त नागरिक पार्टीले सबै धार्मिक समुदायको हक हित अधिकार र स्वतन्त्रता सरक्षण गर्ने नीति लिएको छ । धार्मिक स्वतन्त्रता र अल्पसंख्यकको संरक्षणका लागि प्रत्येक धर्मावलम्बीले आ-आफ्नो धर्म र संस्कार स्वतन्त्र रूपमा अभ्यास गर्न पाउने अधिकार, सबै धार्मिक समुदायको आत्मसम्मान र अस्तित्व कानुनी रूपमा सुनिश्चित गरिनुपर्छ भन्ने हाम्रो स्पष्ट धारणा छ ।

अल्पसंख्यक धर्मलम्बीहरूलाई दिइनुपर्ने सेवा सुविधा नदिई राज्यले जसरी विभेदकारी ढंगबाट पीडित बनाएको छ यस्ता सबै प्रकारका नीतिहरू सच्याई सबै धर्मावलम्बीप्रति समान व्यवाहार गर्नुपर्छ । हरेक विभेदकारी ऐन कानुन हटाइने छ, धर्मनिरपेक्षतालाई पूर्ण धार्मिक स्वतन्त्रतामा रूपान्तरण गर्दै, व्यावहारिक रूपमा कार्यान्वयन गर्नका लागि प्रचलित अन्तर्राष्ट्रिय मूल्य र मान्यताका आधारमा नेपाली मोडलको विकास गरिने छ । तत्काल धार्मिक ऐन ल्याई विभेदकारी धार्मिक कानुनी व्यवस्था खारेज गरिने छ ।

आस्थाको आधारमा गरिने सबै भेदभावलाई पूर्णरूपले अन्त्य गरी त्यस्ता क्रियाकलापहरूलाई दण्डनीय बनाइने छ । धर्मनिरिपेक्षेताको सिद्धान्त

अनुरूप हालसम्म कायम रहेका विभेदकारी कानुनी व्यवस्थाको अन्त्य गरी सबै धर्मावलम्बीहरूलाई मान्य हुने गुठी सम्बन्धी अधिकारको सम्वैधानिक व्यवस्था गरिने छ । धार्मिक संस्थाहरूको स्वतन्त्रता तथा स्वेच्छिक गुठी राख्न पाउने व्यवस्था गरी समुदायको सम्पत्ति दीर्घकालीन रूपमा संरक्षण र सुरक्षा गर्ने व्यवस्था गरिने छ ।

सबै धार्मिक समुदायका संस्था र समाधिस्थल (कब्रिस्थान, विश्रामस्थल) का लागि राज्यबाट तत्काल सार्वजनिक जग्गाहरू उपलव्ध गराउने व्यवस्था गरिने छ। साथै संघीय संसदबाट नै यससम्बन्धी कानुन निर्माण गरी पारित गर्न समेत पहल गरिने छ। तर अव्यवस्थित रूपमा सार्वजनिक जमिन र बाटोबाटो अतिक्रमण गरी संरचना खडा गर्ने कार्यलाई नियन्त्रण गरिने छ।

देशविदेशका धार्मिक संस्थान, कलेज तथा सेमिनारीहरूबाट मापदण्ड पूरा गरी ईश्वरशास्त्र अध्ययन गरेर प्राप्त गरिएका प्रमाणपत्रलाई त्रिभुवन विश्वविद्यालयबाट समकक्षता (भ्त्रगष्खबभिलअभ) दिलाउन तथा देशभित्र त्यस्ता संघसंस्थाहरूलाई राज्यले दर्ता गरी तथा सरकारी मान्यता दिनुपर्छ भन्ने हाम्रो धारणा छ ।

नेपाल बहुधार्मिक राज्य भएकाले सबै धार्मिक आस्थाका नागरिकहरूको अस्तित्व पहिचान गर्दै तिनको हक अधिकार सुनिश्चित गरिने छ। धार्मिक सहिष्णुता राख्नका लागि संस्थागत संरचना, अन्तरधार्मिक परिषद् वा यस्तै उपयुक्त संयन्त्र स्थापना गरिने छ गठन गरिने छ ।

## (४) मानव जीवनको पवित्रता, समलिङ्गी विवाह तथा पारलैङ्गिकता जस्ता गम्भीर विषयमा पार्टीको धारणा :

गर्भधारणदेखि मरणसम्म प्रत्येक मानव जीवन अनमोल छ, र त्यसको रक्षा गरिनुपर्दछ भन्ने हाम्रो स्पष्ट धारणा छ । समलिङ्गी सम्बन्धलाई विवाहको मान्यता दिने कार्यप्रति पार्टीको स्पष्ट र गम्भीर विमित छ । पारलैङ्गिकता र लिङ्ग परिवर्तन पूर्ण रूपमा भ्रामक कुरा हुन् । प्रकृति, संस्कृति, मानव स्वभाव, सभ्यता, धार्मिक मूल्यमान्यता तथा नैतिकताको विरूद्ध रहेको यस्तो विकृत र घातक एजेन्डाको कानुनी र सामाजिक रूपमा प्रतिवाद गरिनुपर्छ भन्ने हाम्रो धारणा छ ।

विश्वव्यापी मानवीय प्रचलन तथा धार्मिक अनि सामाजिक मान्यता अनुसार विवाहचाहिँ पुरुष र महिलाबिचको पवित्र सम्बन्ध हो । यसकारण

समलिङ्गी विवाह (Same sex marriage), पारलैङ्गिकता (Transgenderism), लङ्ग परिवर्तन गर्ने शल्यक्रिया (Gender-affirming surgery) तथा गर्भपतन (Abortion) जस्ता विनाशक र विकृत अभ्यास तथा अभियानको कठोर प्रतिवाद गरिनेछ । यस्ता विनाशकारी तथा विकृत अभ्यासले घरपरिवार निर्माण र सन्तान जन्मलाई निषेद गर्दै अन्त्यमा समाज, राष्ट्र, मानव जतिको अस्तित्व नै समाप्त गर्न सक्छन् । यसकारण अदालत, सरकारी निकाय लागयतको गैरजिम्मेवार र अदूरदर्शी कदममार्फत समलिङ्गी विवाहलाई मान्यता दिनेतर्फ गरिएको प्रयासको प्रतिवाद गर्दै हाम्रो पार्टीले कानुनी, वैचारिक र नैतिक दबाब सिर्जना गर्नेछ ।

## ३. पार्टीका आधारभूत मूल्य-मान्यता

संयुक्त नागरिक पार्टी एक सचेत, विवेकशील, नैतिक चरित्र तथा ईश्वरीय भय तथा विश्वास, आशा र प्रेममा चल्ने पार्टी भएकाले यसका निश्चित आधारभूत मूल्य-मान्यताहरू छन् । यस पार्टीका सबै नेता कार्यकर्ताको जीवनशैली र आचरण यी मूल्यमान्यताबाट निर्देशित हुनेछन् ।

क) समावेशिता, समानुपातिकता, र सहभागिता

ख) स्वयंसेवा, सहकार्य र सृजनशीलता

ग) सदाचार, नैतिकता र धार्मिकता

घ) संयम, अनुशासन, पारदर्शिता र प्रतिबद्धता

ङ) न्याय, शान्ति, समानता र स्वतन्त्रता

## ४. हाम्रा माग, मुद्दा र प्रतिबद्धताहरू

**१. आधारभूत प्रतिबद्धता :** संघीयता, लोकतान्त्रिक गणतन्त्र, पूर्ण समानुपातिक समावेशिता, मानव अधिकार र मौलिक हकको प्रत्याभूति, पूर्ण धार्मिक स्वतन्त्रतासहितको धर्मनिरपेक्षता, प्रेस तथा अभिव्यक्ति, आर्थिक तथा राजनीतिक स्वतन्त्रता, विधिको शासन, शान्तिपूर्ण सहअस्तित्व, सहमति र सहकार्य हाम्रा प्रतिबद्धता रहने छन् ।

**२. मुख्य उद्देश्य :** सामाजिक न्याय, राजनीतिक, आर्थिक, धार्मिक, भाषिक, सांस्कृतिक, लैङ्गिक, भौगोलिक, वर्गीय तथा राष्ट्रिय जातीय सामुदायिक

विभेद, छुवाछुत र शोषणको व्यवहारतः अन्त्य गर्दै हिंसारहित र समतामूलक राष्ट्र निर्माण यो पार्टीको उद्देश्य रहने छ ।

**३. मूल मुद्दा :** क्लस्टरमा आधारित चक्रीय क्रम प्रणालीद्वारा राष्ट्रप्रमुख तथा नागरिकबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख प्रधानमन्त्रीको प्रावधान हाम्रो मुद्दा रहने छ ।

**४. मार्गदर्शक सिद्धान्त :** "विश्वास, आशा र प्रेममा आधारित; आस्था, अस्तित्व र अधिकारका लागि; सर्वजातीय समावेशी सामाजिक लोकतन्त्र संस्थागत गरौँ; पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरौँ; विभेदरहित सम्वृद्ध राष्ट्र निर्माण गरौँ" भन्ने हाम्रो मार्गदर्शक नाराअनुरूप बहुलराष्ट्रिय, सर्वजातीय, समावेशी, सामाजिक लोकतन्त्र संस्थागत गर्न तथा जातीय जनसङ्ख्याको आधारमा दुवै सदनमा पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नको लागि शान्तिपूर्ण संघर्ष र नागरिक सचेतना अभियान सञ्चालन गरिने छ ।

**५. डिजिटल सुशासन :** चुस्तदुरुस्त, पारदर्शी र भ्रष्टाचारमुक्त सरकारी सेवाका लागि डिजिटल प्रशासन विकास गरिनेछ । शिक्षा, स्वास्थ, विज्ञान, प्रविधि र ईन्टरनेटको विकास, विस्तार अनि अन्तर्राष्ट्रिय स्तरमा पहुँच र प्रबर्द्धन गरिने छ । सर्वसुलभ तथा चुस्त सेवाको लागि ई-गभर्नेन्स र डिजिटल सरकारको अवधारणालाई व्यावहारिक तुल्याउन दबाव दिइने छ । सेवामा हुने मध्यस्थता (एजेन्ट) प्रणालीलाई कानुनी रूपमा व्यवस्थित गरी जनताको पहुँच सजिलो बनाइने छ ।

**६. भ्रष्टाचार विरूद्ध कठोर नीति :** पूर्व-राष्ट्रप्रमुख तथा प्रधानमन्त्री र मन्त्रीहरूले आजीवन पाउने सेवासुविधा कटौती गरिने छ । सरकार र कर्मचारीतन्त्रको हाकिम र मालिक मानसिकता हटाएर सेवकीय भावना विकास गर्न दबाव दिइने छ । "म भ्रष्टाचार गर्दिनँ, र भ्रष्टाचार गर्नेलाई छोड्दिनँ" भन्ने नाराअनुरूप भ्रष्टाचारप्रति शुन्य सहनशीलताको नीति लिइने छ; काममा ढिलासुस्ती र भ्रष्टतामा संलग्न कर्मचारीमाथि कडा कार बाही गरिने छ । शिक्षक तथा सरकारी कर्मचारीहरू दलीय राजनीतिमा संलग्न बन्न नपाउने व्यवस्था गरिने छ ।

**७. आधारभूत आवश्यकता सम्बन्धमा :** शिक्षा, स्वास्थ्य र रोजगार जस्ता नागरिकका आधारभूत आवश्यकतामा राज्यले लगानी गर्ने वातावरण

बनाउन र सार्वजनिक स्वास्थ्य र शिक्षाको गुणस्तरमा सुधार गर्न विशेष नीति लिइने छ ।

**८. दलित तथा सीमान्तकृत समुदाय सम्बन्धमा :** विभेदकारी वर्ण व्यवस्थाबाट पीडित दलित बनाइएका शिल्पी लगायत सम्पूर्ण सीमान्तकृत समुदायको मुक्ति, विभेदमुक्त र समतामूलक समाज, पहिचान, अधिकार र आत्मसम्मानसहित सार्वभौमसत्ता सम्पन्न राष्ट्रिय राज्यको निर्माणको माग र मुद्दालाई सम्बोधन गर्दै विकास र समृद्धिका लागि दबावमूलक संघर्ष गरिने छ ।

**९. राष्ट्रिय हितमुखी परराष्ट्र नीति :** पञ्चशीलको सिद्धान्तका आधारमा परराष्ट्र सम्बन्ध कायम गरिने छ । असान्दर्भिक बनिसकेको असंलग्न नीतिको सट्टामा सबै राष्ट्रसँग सापेक्ष रूपमा गतिशील घनिष्ठता (Dynamic Proximity) को नीति अपनाउँदै अन्तराष्ट्रिय मञ्चहरूमा लोकतान्त्रिक गठबन्धनमा रहेका राष्ट्र र निकायसँग सैद्धान्तिक पक्षधरता जनाइने छ । राष्ट्रहित विपरीत गरिएका सबै प्रकारका असमान, अन्यायपूर्ण सन्धि सम्झताको पुनरावलोकन, संशोधन वा खारेज गरी पारवहनको सुविधा प्राप्त गर्न, सीमानाको सुरक्षा गर्न र राष्ट्रको स्वाभिमान उच्च पार्न पहल गरिने छ ।

**१०. सम्वृद्धिको सपना :** आर्थिक विकास तथा समृद्धि को लक्ष्य प्राप्त गर्न देशमा सबै प्रकारका वस्तु तथा सेवा उत्पादन तथा पेशा व्यवसाय सञ्चालनका लागि सरल र चुस्त नीति नियम तथा कर प्रणाली, निजी क्षेत्र, राष्ट्रिय पूँजीपति र लगानीकर्तालाई प्रोत्साहन र संरक्षण गर्ने तथा विदेशी लगानी आकर्षण गर्ने नीति लिइने छ । पर्यटन तथा ट्रेकिङ, बोटिङ, राफ्टिङ, प्याराग्लाइडिङ लगायतका प्रचुर सम्भाव्यता भएका व्यवसायको प्रचारप्रसार र प्रबर्द्धनका लागि आवश्यक नीति नियम बनाउन, सुधार गर्न र कार्यान्वयन गर्न दबाव दिइने छ ।

**११. स्रोतसाधन संरक्षण तथा परिचालन :** खेर गइरहेका स्रोतसाधन परिचालन, बनजंगल काठपात, चुनढुंगा, मार्बल, यार्सागुम्बा आदिको सदुपयोग गरी त्यसबाट आम्दानी गर्ने बाटो सहज बनाउन आवश्यक कदम चालिने छ । कृषिमा आत्मनिर्भरताका लागि कृषिमा अनुदान र संरक्षणको नीति अन्तर्गत कृषकलाई मलखाद्य, बिउविजन उपलब्ध गराउनुका साथै सम्पूर्ण कृषि उपजको जोखिम बीमाको व्यवस्था गरिने छ । विद्युतीय रेल वे, रोप वे, सुरुङमार्गमा जोड दिँदै खर्चिला तर अनुत्पादक आया

जनालाई निरुत्साहित गरिने छ ।

**१२. खुल्ला बजार र निजी क्षेत्रको प्रवर्द्धन :** नियम गरिएको स्वतन्त्र बजार अर्थतन्त्र (च्भनगबितभम ँचभभ :बचपभत भ्अयलयकथ) को नीति अपनाउँदै निजी क्षेत्रलाई स्वतन्त्रता दिइने छ । स्वरोजगार, उद्योग र निर्यातमुखी लगानी प्रवर्द्धन गरिनेछ । स्वदेशी उद्योग र पूँजिपतिको संरक्षण गर्न आवश्यक नीति लिइने छ । मौलिकता र विविधताको संरक्षण र सर्बद्धन, आत्मनिर्भर, स्वाभिमानी र समृद्ध राष्ट्र नेपाल, आफ्नो देश आफै बनाऔं भन्ने नीति अन्तरगत परम्परागत मौलिक सीप, कला, हस्तकला, ज्ञान र पूँजिलाई औद्योगिकीकरणको मूल आधार बनाइने छ । नीजि क्षेत्रलाई व्यापार, व्यवसाय तथा उद्योग धन्दामा लगानी गर्न प्रोत्साहन गरिने छ । सामुहिकता र सहकार्यमा आधारित व्यवसाय, साना उद्योग र घरेलु उद्योगलाई पनि प्रोत्साहन गरिने छ । विभिन्न क्षेत्रबाट उठेको कर वा राजश्वलाई सामाजिक लोकतन्त्रको मूल्यमान्यताको जगमा टेकेर जनताका आधारभूत आवश्यकता शिक्षा, स्वास्थ्य, रोजगार, भौतिक संरचना निमार्ण र प्रशासनिक सेवा सुविधाहरू आदिमा खर्च गरिने छ ।

**१३. युवा उद्यमशीलता र व्यावसायिक सुरक्षा, रोजगारी तथा कृषिमा संरचनागत सुधार :** कृषिमा सहकारी प्रणाली, अनुदानमा पारदर्शिता, बीमा सुविधा र बजार सुनिश्चितता गरिनेछ । अनुदान वितरणमा हुने भ्रष्टाचार निर्मूल गरिने छ । ठूला तथा साना-मझौला उद्योग स्थापना तथा युवा स्वरोजगारीमा लागनी गरी आगामी पाँच वर्षभित्र बिस लाख रोजगारी सृजना गरिने छ ।

**१४.बालबालिकाको सुरक्षित भविष्यका लागि बचत र बीमा :** बचत खाता भविष्यमा प्रत्येक बालबालिकाले मर्यादित जीवनयापनको अवसर प्राप्त गर्न सकून् भनी प्रत्येक बालबालिकाको जन्म दर्ताको समयमा उनीहरूको नाममा बाल बचत खाता खोलिने छ र राज्यका तर्फबाट वार्षिक रूपमा रु. १०,००० (दश हजार) बचत गरिने छ र जीवन बीमा गरिने छ ।

**१५. वैदेशिक लगानीमा खुलापन र औद्योगिक विकास :** विदेशी लगानीलाई प्रोत्साहन गर्ने वातावरण निर्माण गर्न विशेष नीति ल्याइने छ; दर्ता, नविकरण तथा कर नीतिहरू सहज र सुरक्षित बनाइने छन् ।

**१६. पर्यटन, जलविद्युत र वैदेशिक मुद्रा आम्दानी :** पर्यटन व्यवसायलाई

विदेशी मुद्रा आर्जन र देशको प्रतिष्ठा अभिवृद्धिको महत्त्वपूर्ण साधनका रूपमा विकास गरिने छ । ठूला जलविद्युत आयोजनाहरूमा अन्तरराष्ट्रिय लगानी ल्याई व्यापार घाटा न्यूनीकरण गरी आर्थिक सन्तुलन ल्याइने छ ।

**१७. जनजीविकाका सवालमा संलग्नता:** जनजीविकाका हरेक सवाल, जस्तैः महँगी, मूल्यवृद्धि, कालोबजारी, तस्करी, ठगी-सुदखोरी, महिला तथा बालहिंसा, जातिय विभेद आदिका विरुद्धमा शान्तिपूर्ण खबरदारी, ध्यानाकर्षण आन्दोलन, र्‍याली आदि आयोजना गरिने छ । हत्या-हिंसा, बलात्कार, घरेलु हिंसा, अपहरण, ठगी लगायतका अपराधको विरुद्धमा पीडितको पक्षमा सशक्त रूपमा उभिने र पीडकलाई कानुनको कठघरामा पुर्‍याउन नागरिक स्तरमा अभियान सञ्चालन गरिने छ ।

**१८. शल्पी समुदाय तथा जनजातिहरूका सम्बन्धमा:** उनीहरू यहाँका मूल निवासीहरू हुन्, यो देशको सिप,कला, संस्कृति, सम्पदा र सभ्यताका जननीहरू हुन् । तथापि राज्यको विभेदकारी नीतिको कारणले गर्दा उनीहरूले आर्जन गरेको बहुमूल्य सम्पत्तिको संरक्षण गर्न, सम्बर्धन र व्यवसायिकरण गर्न नसक्दा राज्य आज कंगाल बन्ने अवस्थामा पुगेको छ । यी सिप, कला, संस्कृतिको संरक्षण, सम्बर्धन गरी लाखौं युवाहरूलाई स्वदेशमै रोजगारी सृजना गरिने छ । कुनै व्यक्तिले आफ्नो जातमा आधारित थर परिवर्तन गरी आफ्नो अनुकूल थर राख्ने चाहेमा सो गर्न पाउने अधिकार कानुनद्वारा प्रदान गरिने व्यवस्था गरिने छ ।

**१९. आरक्षण तथा संरक्षणको व्यवस्था:** राज्यका निकायहरू, राजनीतिक नियुक्ति, संस्थानहरूमा नियुक्तिमा समेत आरक्षणको प्रावधान गरिने छ । मानवीय विकास सूचकांकको आधारमा कमजोर समुदायलाई केन्द्रमा राखेर विकासका योजना बनाइने छन् । एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू (PWDs), वृद्धवृद्धा, र अनाथ बालबालिकाको विशेष रूपमा संरक्षण गरिने छ । सबै सार्वजनिक सेवा र संरचना अनिवार्य रूपमा अपाङ्गता मैत्री (Disability–friendly) बनाइने छ । गरिबीको रेखामुनि रहेका परिवार तथा उच्च ड्रपआउट रेट रहेका समुदायका बालबालिकालाई शिक्षामा पहुँच र निरन्तरताका लागि ती बालबालिकाका आमाले प्राप्त गर्नेगरी निश्चित आर्थिक सुविधा दिइने तथा उत्प्रेरणा कार्यक्रम लागु गरिने छ ।

**२०. क्लस्टरमा सुधार:** सम्विधानमा पूर्ण समानुपातिक प्रतिनिधित्वको प्रावधान नगरिएसम्म, वर्तमान सम्विधानमा समानुपातिक उम्मेद्वार सूचिमा

जुन प्रकारले खस आर्य क्लस्टरलाई पहिलो नम्बरमा राखिएको छ, त्यसलाई बदलेर मानवीय विकास सूचकांकको आधारमा जसको प्रतिनिधित्व सब भन्दा न्युन छ, त्यसको आधारमा क्लस्टर निर्धारण गरिने छ र सबैभन्दा कमजोर अवस्थामा रहेको समुदायलाई एक नम्बरमा राखिने छ । साथै, जनसंख्याको आधारमा जुन समुदायको प्रतिनिधित्व सुनिश्चित भइसकेको छ, त्यो समुदायलाई समानुपातिक सूचिमा अन्त्यमा राखिने छ । प्रत्यक्ष निर्वाचनमा समेत महिला र दलित समुदायलाई निर्वाचन क्षेत्र आरक्षणको प्रावधान गरिने छ ।

२१. **मतदानमा सुधारः** मतदातालाई प्रत्याव्हान तथा गैरजिल्ला मतदान (Recall  and Out of Constituency Vote) को अधिकार सुनिश्चित गरिने छ । प्रविधिमा आधारित डिजिटल भोटिङ प्रणाली विकास गरी विदेशमा रहेका नेपाली र आन्तरिक रूपमा स्थानान्तरित नागरिकहरूलाई पनि मतदानको अधिकार सुलभ गराइने छ ।

२२. **गैरआवासीय नेपालीहरूबारेः** "एक पटकका नेपाली, सधैँका लागि नेपाली" भन्ने नीतिका साथ गैरआवासीय नेपालीहरूलाई बंशजको आधारमा नेपाली नागरिकताको अधिकार तथा मतदानको अधिकार सुनिश्चित गरिने छ । उनीहरूमा भएको सीपकला, ज्ञान तथा आर्थिक श्रोत साधन देश निमार्णमा लगानी गर्न विशेष आह्वान गरिने छ । त्यसको लागि आवश्यक वातावरण बनाइने छ । उनीहरूको जिउ,धन र सामाजिक सुरक्षाको प्रत्याभूति गरिने छ । निर्वाचनमा उम्मेद्वार बन्न तथा सरकारी सेवामा प्रवेशका राजनीतिक अधिकार बाहेक अन्य सबै अधिकारको प्रत्याभूति गरिने छ ।

२३. **सांसद तथा मन्त्रीह¿को पदावधि सम्बन्धमा** : भ्रष्टाचार र निरंकुशता संस्थागत बन्न नदिनका लागि उही व्यक्ति बढीमा तीन पटकसम्म सांसद बन्न पाउने तथा मन्त्री र राष्ट«पति वा राष्ट«**fWolf** दुई पटक मात्रै बन्न पाउने संवैधानिक प्रावधान राखिनुपर्छ भन्ने हाम्रो धारण छ ।

२४. **सरकारी सेवाप्रदायकहरू सम्बन्धमाः** गैरसरकारी तथा अन्तरार्ष्टिय गैरसरकारी संघसंस्थाहरूबाट मोटो रकम असुल्ने तर राष्ट्रका आवश्यकता अनुसारका योजना र कार्यक्रम कार्यान्वय गर्न गराउन ती संघसंस्थाहरूलाई समन्वय र सहजिकरण नगर्ने समाज कल्याण परिषद्लाई प्रभावकारी तथा सहजकारी नियामक निकायका रूपमा रूपान्तरण गरिने छ ।

**२५. गम्भीर अपराध सम्बन्धमाः** भ्रष्टाचार, राज्य विरूद्धको अपराध, बलात्कार, अपहरण, र हत्या जस्ता अपराधमा शंकाको दायरा नरहनेगरी दोषी प्रमाणित भएका अपराधीलाई कठोर दण्ड सजायको प्रावधान गरिनुपर्छ भन्ने हाम्रो माग रहने छ ।

**२६. अनुसन्धान तथा नवप्रर्वतनमा जोडः** अध्ययन अनुसन्धान, नवप्रर्वतन वा आविष्कारको माध्यमबाट राष्ट्रको विकासमा योगदान गर्न चाहने जोसुक लाई पनि राज्यको सम्बन्धित निकाय वा विभागमा रहेर काम गर्ने वा राज्यले स्टार्टअप क्यापिटल लगानी गरिदिने वातावरण मिलाइने छ । विदेशमा रहेका यस्ता नेपाली नागरिकलाई स्वदेश फर्कन र काम गर्न आकर्षित गर्ने नीति लिइने छ।

**२७. पूर्वाधारको प्रबन्धः** अत्यावश्यक पूर्वाधारहरू आवास, बाटोघाटो, खान पानी, स्वास्थ्य चौकी, विद्यालय, रोड कनेक्टिभिटी, रोप वे, हवाई, रेलवे राष्ट्रिय मार्गमा जोड्ने योजना लिइने छ । योजना बनाउँदा अधिकतम लाभ, उत्पादनशीलताको आधारमा तय गरिने छ ।

**२८. राष्ट्रिय पूँजि प्रबर्द्धनः** विदेशी लगानीकर्ता, कम्पनीले देशमा कम्पनी स्थापना गर्न चाहेमा, निश्चित प्रतिशत सेयर उक्त क्षेत्रका बासिन्दाहरूलाई दिनुपर्ने र रोजगारीमा समेत प्राथमिकता दिनुपर्ने प्रावधान गरिने छ । राष्ट्रिय पूँजिपतिलाई प्राथमिकता दिइने छ, प्रगतिशील कर प्रणालीअनुरूप नियमन गरिने छ । विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न कृषकहरूलाई सक्षम बनाउनका लागि कृषिमा अनुदान (सब्सिडी) को व्यवस्था गरिनेछ । साथै राष्ट्रिय उत्पादन नै राष्ट्रिय उपभोगका लागि पर्याप्त छ भने, सो वस्तुको आयात निरुत्साहित गरिने छ र रोक लगाइने छ ।

**२९.राष्ट्रिय पहिचान र आदर्शः** विविधताभित्र एकता, समन्वय, सहकार्य, सदभाव, परिश्रम, नवप्रवर्तन, सृजनशीलता, दक्षता, पारदर्शिता, नैतिकता, विश्नबन्धुत्व, स्वभिमान र देशभक्तिलाई राष्ट्रिय पहिचान र गौरवका उच्च आदर्शका रूपमा प्रवर्द्धन गरिने छ ।

..........................................................................................

## विश्वास, आशा र प्रेममा आधारित हाम्रा नाराहरु

१. सर्वजातीय समावेशी सामाजिक लोकतान्त्रिक व्यवस्था निर्माण गरौं !

२. जेन जी (Gen Z) क्रान्तिले ल्याएको परिवर्तनलाई संस्थागत गरौं !

३. युगौंदेखि उत्पीडनमा परेका समुदायलाई विशेष अधिकार लागू गरौं !

४. जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक प्रणाली निर्माण गरौं !

५. जातीय विभेद र हिंसा अन्त्य गरौं !

६. महिला हिंसा अन्त्य गरौं !

७. अपाङ्गता भएका व्यक्तिहरु तथा सिमान्तकृत समुदायहरूमाथि हुने हिंसा अन्त्य गरौं !

८. सर्वजातीय समावेशी सामाजिक लोकतन्त्र जिन्दावाद !!

९. नागरिक सम्प्रभुता जिन्दावाद !!

१०. संयुक्त नागरिक पार्टी जिन्दावाद !!

११. आम नागरिकको साथी : संयुक्त नागरिक पार्टी !!

१२. हाम्रो आह्वान : गितारमा मतदान !!

**- संयुक्त नागरिक पार्टी, संघीय/केन्द्रीय समिति**